नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

☎ ९७७-१-४२११५१६
९७७-१-४२११८८६

फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं.:

च.नं.:

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

## प्रेस विज्ञप्ति

नेपाल - बंगलादेशबीच ऊर्जा क्षेत्रमा आपसी सहयोग सम्बन्धी १० अगष्ट, २०१८ (तद्अनुसार २५ साउन २०७५) मा सम्पन्न समझदारी पत्रको दफा ४ अनुसार स्थापित सहसचिव स्तरीय एवम् सचिवस्तरीय समितिहरुको तेस्रो बैठक २०७८ साल भाद्र २८-२९ गते Video Conference मार्फत सम्पन्न भएको छ । सचिवस्तरीय Joint Steering Committee को बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सचिव श्री देवेन्द्र कार्की तथा बंगलादेश सरकारको विद्युत, उर्जा तथा खनिज स्रोत मन्त्रालयका सचिव मोहमद हबिबुर रहमानको सहअध्यक्षतामा भाद्र २९ गते सम्पन्न भयो । उक्त बैठकले नेपाल र बंगलादेश बीच विद्युत व्यापार, नेपालको जलविद्युत विकासमा बंगलादेशको सरकारी तथा निजी लगानी, नेपाल र बंगलादेश बीच अन्तरदेशीय विद्युत प्रसारण लाइन, माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट बंगलादेशले आयात गर्ने ५०० मेगावाट विद्युतको खरिदका लागि भएको प्रगति तथा नेपाल र बंगलादेशबीचमा नवीकरणीय ऊर्जाको क्षेत्रमा सहयोग आदानप्रदान गर्ने सम्बन्धी भाद्र २८ गते सम्पन्न भएको सहसचिव स्तरीय Joint Working Group को बैठकले गरेका सिफारिसहरु अनुमोदन गरेको छ ।

बैठकले विशेषगरी, नेपाल र बंगलादेशबीच विद्युत व्यापारको आवश्यक तयारीको लागि नेपालको तर्फबाट नेपाल विद्युत प्राधिकरण र बंगलादेशको तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्डलाई तोकियो । जलविद्युत क्षेत्रमा सहकार्यको लागि नेपालबाट प्रस्तावित सम्भावित पाँचवटा जलविद्युत आयोजनाहरु मध्ये पहिलो चरणमा सुनकोशी-३ जलविद्युत आयोजना अगाडी बढाउन आयोजनाको स्थलगत भ्रमण डिसेम्बर, २०२१ सम्ममा गर्ने सहमति भएको छ। त्यसैगरी दीर्घकालीन उपाय स्वरुप नेपाल-बंगलादेशबीच प्रसारण लाइन निर्माण गर्ने सम्बन्धमा नेपाल, बंगलादेश र भारतबीच त्रिपक्षीय बैठक मार्फत सहमति जुटाई डेडिकेटेड अन्तरदेशीय प्रशारण लाइन सम्बन्धी कार्य अगाडी बढाउने सहमति भयो ।

नवीकरणीय ऊर्जाको प्रवर्द्धन, Solar Home System र ऊर्जा दक्षता क्षेत्रमा नेपालको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बंगलादेशको Sustainable and Renewable Energy Development Authority (SREDA) बीच प्रविधि तथा सिप आदानप्रदान गर्ने सम्बन्धमा सहमति भएको छ । साथै, दुई देशबीच आ-आफ्नो ऊर्जा क्षेत्रमा विद्यमान विशेषज्ञताका आधारमा जनशक्तिको क्षमता अभिबृद्धि गर्न, अनुभव आदान-प्रदान गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार MoU गर्ने सहमति समेत भएको छ ।

(मधु प्रसाद भेटुवाल)
सहसचिव एवं प्रवक्ता